नेपाली कांग्रेस १४औं महाधिवेशन

# क्षेत्रीय प्रतिनिधिलाई अपिल

## 'पार्टी नवर्निर्माणका लागि दृढ संकल्पित बनौं'

**आदरणीय अग्रज तथा साथीहरू,**
**जय नेपाल !**

यति बेला विभिन्न तहका अधिवेशनहरू मार्फत हाम्रो पार्टी १४औं महाधिवेशनको महाअभियानमा होमिएको छ । आज, मंसिर ६ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन समेत हुँदैछ । सबै अग्रज र साथीहरूलाई उत्साहका साथ अधिवेशन प्रक्रियामा सहभागी भई पार्टीका सबै तहको अधिवेशनलाई सफल बनाउन हार्दिक अनुरोध गर्दछु ।

नेपाली कांग्रेस केवल एउटा पार्टीमात्र होइन, राजनीतिक, सामाजिक र वैचारिक आन्दोलन पनि हो । सात दशकदेखि नेपाली राजनीतिको हरेक मञ्चमा हाम्रो पार्टीले सदा केन्द्रीय भूमिका निर्बाह गर्दै आएकोमा हामीलाई गर्व छ । तर इतिहासलाई शिरानी हालेर मात्र अब हाम्रो श्रेष्ठता कायम रहन सक्दैन । परिवर्तनको वेगलाई ठम्याएर समयानुकूल पाइला चाल्न सकियो भनेमात्र हाम्रो श्रेष्ठता प्रमाणित हुँदै जानेछ । हामीसँग बहुलवादी लोकतन्त्रको वैचारिक श्रेष्ठता छ; संघर्ष, जेलनेल, त्याग र तपस्याले खारिएको ठूलो पाको र अनुभवी पुस्ता छ । उदात्त ध्येय र गम्भिर समर्पणका साथ समाज परिवर्तन गर्न क्रियाशील असंख्य साथीहरु पार्टीभित्र हुनुहुन्छ । देशभित्र र बाहिर त्यस्तो तन्नेरी पुस्ता छ, जो स्वाभिमान र स्वतन्त्रतायुक्त उदार नेपालको संकल्प गरिरहेको छ । सँगसँगै हामीसँग नेपाली कांग्रेसको उन्नतिप्रति उत्तिकै सचेत र सहानुभूतिशील देशभित्र र संसारभरी छरिएका शुभेच्छुक नेपालीको ठूलो पंक्ति छ । सबै नेपाली कांग्रेस पार्टीको नीति र नेतृत्वमा गतितशीलता, सामयिकता र नयाँपनको खोजीमा हुनुहुन्छ । विपि कोइरालाले भनेजस्तै-'पार्टी एउटा बृहत् कुटुम्ब हो। त्यसका सदस्यहरूबीच कुटुम्बबीचको घनिष्टता, स्नेह र आत्मीयता हुनुपर्दछ । एउटाको दुःख सबैको दुःख हो, एउटाको अपमान सबैको अपमान हो, एउटाको प्रतिष्ठा सवैको प्रतिष्ठा हो भन्ने धारणा सबैमा हुनुपर्दछ ।' यो महाधिवेशनबाट हामीले त्यस्तो पार्टी बनाउनु छ, जसमा सबै सदस्यले आत्मसम्मान र अपनत्वको अनुभूति गरून्, जसमाथि आम जनताले भरोषा र विश्वास गरून्।

**आदरणीय साथीहरू,**
नेपाली कांग्रेस पार्टीको जीवनमा महाधिवेशन आवाधिक रुपमा नेतृत्व छनोट गर्ने प्रक्रिया मात्रै होइन हामीले कस्तो कांग्रेस वनाउन चाहान्छौं भनेर निर्णय गर्ने अवसर पनि हो । निःसन्देह हामी सबै कांग्रेसमा रुपान्तरण चाहान्छौं । तर, जब त्यो रुपान्तरित कांग्रेसका लागि आफ्नो तहमा निर्णय गर्ने समय आउँछ, हामी अलमलिएर पार्टीलाई दिशानिर्देश गर्ने अवसर खेर जाने गरेको छ । यस पटकको महाधिवेशनमा लिइने निर्णयको प्रभाव अझ दूरगामी हुनेछ । हामीले गर्ने निर्णयले यो कांग्रेस पार्टीको जीवनमा मात्र होइन लगत्तै हुने स्थानीय तह, प्रदेश र संघीय निर्वाचन अनि राष्ट्रिय राजनीतिलाई समेत प्रभावित गर्नेछ । तसर्थ, तपाईंलाई क्षेत्रीय प्रतिनिधिको रुपमा आफ्नो मत र विश्वास प्रदान गरेका आम कांग्रेसजनले मात्र होइन नेपालभित्र र बाहिर रहेका कांग्रेसप्रति सुभेच्छा राख्ने र यो देशको उन्नतिको कामना गर्ने सबैले यो पटक हामीले कस्तो निर्णय गर्छौं व्यग्रताका साथ हेरिरहनु भएको छ । त्यसैले- हाम्रो पार्टीलाई जीवन्त, गतिशील तथा देश र जनताप्रति निरन्तर समर्पित राखिरहन मन, वचन र कर्मले प्रतिबद्ध तपाईहरू सबैसँग आ-आफ्नो ठाउँबाट त्यो महान अभिभाराको बोध गरी विवेकपूर्ण निर्णय गर्नका लागि यसै पत्रमार्फत विनम्रतापूर्वक अपिल गर्दछु ।

**आदरणीय साथीहरू,**

यो महाधिवेशनपछि हामीले नवीन आत्मविश्वासका साथ भन्न सकौं कि- 'अब कांग्रेसले इतिहासलाई शिरानी हालेर मात्र बस्दैन, परिवर्तनको वेगलाई ठम्याएर अगाडि वढ्छ, योग्यता र परिकल्पनाको प्रतिस्पर्धालाई उत्प्रेरित गर्छ, आफूले पाएको अवसरलाई सही सदुपयोग गर्दै जनताको समस्याप्रति सदैव समानुभूतिशील रहन्छ र सधैं जनताको भरोषा र विश्वास पाइरहन्छ, सदाचारमा विश्वास गर्छ र भ्रष्टाचार-कुशासनका विरुद्ध उभिन्छ ।' हामी चाहान्छौं- कांग्रेस पार्टी अझ उन्नत र गतिशील बनोस् र मुलुकलाई समुन्नतिको गन्तव्यमा पुऱ्याओस् ।

हाम्रो संविधानले समुन्नत नेपालको प्रष्ट गन्तव्य सहित अगाडि जाने बाटो देखाइदिएको छ । यो महाधिवेशनले पार्टीलाई विवेकपूर्ण ढंगले संविधान निर्दिष्ट बाटोलाई फराकिलो पार्दै गन्तव्यसम्म पुऱ्याउने जिम्मेबारी बहन गर्न सक्षम बनायो भनेमात्र हाम्रा संघर्षका प्राप्तिहरू दीगो हुनेछन् । महाधिवेशनमा हामी गुट वा समुहको, पद र प्रतिष्ठाको प्रतिस्पर्धामा मात्रै अल्मलियौं भने पार्टीलाई समुन्नत नेपाल निर्माणको नेतृत्वका लागि सक्षम बनाउने एउटा ठूलो अवसर हामीले गुमाउने छौं । तर मलाई विश्वास छ हामी त्यो अवसरलाई गुम्न दिने छैनौं । त्यसैले लाखौं क्रियाशील सदस्यहरूले विश्वास गरेर पठाएका प्रतिनिधिको रुपमा एकचोटी कठोर आत्मसमीक्षाका साथ फेरी आफूले हिँडेको राजनीतिको बाटोको पुनरावलोकन गर्ने साहसका लागि म आह्वान गर्दछु । सामुहिक संकल्प गरौं-' हामी पार्टीलाई २००७ सालको जस्तो क्रान्ति चेत भएको, २०१५ सालको जस्तो प्रगतिशिल सोच भएको, २०४८ सालको जस्तो लोकप्रिय मत भएको अनि आउँदो युगको समय चेत बुझ्न सक्ने र आगामी पुस्ताले विश्वास र भरोसा गर्न लायक पार्टी बनाउने छौं ।' पटक पटक प्रमाणित भएको सत्य के हो भने नेपाली कांग्रेसले सही बाटो समात्यो भनेमात्र देशले सही बाटो समात्छ, अन्यथा फेरिपनि राजनीतिक गोलचक्कर समाप्त हुने छैन ।

**आदरणीय साथीहरू,**

हाम्रो पार्टीमा क्षेत्रीय प्रतिनिधि पार्टीको सबैभन्दा आधारभूत तहको निर्णायक शक्ति हो । कांग्रेसजनको मत र भावनाको प्रतिनिधिको रुपमा कस्तो कांग्रेस बनाउने भन्ने जगमा तपाई हुनुहुन्छ । जग कमजोर भयो भने जतिसुकै मेहनतले घर बनाउन खोजेपनि बलियो बन्न सक्दैन । लाखौं क्रियाशील सदस्यहरूले तपाईंजस्तै क्षेत्रीय प्रतिनिधि चुनेर पार्टीको नेतृत्व र नीति निर्धारण गर्ने महाधिवेशनका प्रतिनिधि छनोट गर्नका लागि पठाउनु भएको छ । तपाईंको एउटा निर्णय र छनोटले पार्टी कस्तो बनाउने भन्ने कुरा तय गर्नेछ । तपाईंले आज छनोट गरेर पठाउने महाधिवेशन प्रतिनिधिले नै मंसिर २४ गते देखि हुने नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा पार्टीको नेतृत्व छनोट गर्नेछ । आज सहि निर्णय गर्न सक्यौं भने मात्र पार्टीले सही गति लिनेछ। पार्टीलाई नवजीवन दिने कामको आरम्भ तपाईंहरूबाट हुदैछ । तपाईंको निर्णय पार्टीको सर्वोत्तम हित र नवनिर्माणको लागि हुनेछ भन्ने कुरामा विश्वस्त छु । विगतमा हिंसा र निरंकुशताको जुहारी चलिरहेका बेला, प्रतिबन्धित र कठोर संघर्षका बेला निष्ठा, त्याग र समर्पणका साथ देशको कुना कन्दरामा रहेर अग्रज कांग्रेसजनले लोकतन्त्रका लागि गरेको बलिदानले नै आज हामीले सगौरव जय नेपाल भन्न पाएका छौं ।

अब फेरी एकपटक पार्टी नवर्निर्माणको लागि संकल्प गरौं र विवेकसम्मत निर्णय गरौं ताकी भोलीको पुस्ताले पनि चीरकालसम्म जय नेपाल भन्दा गर्व गरिरहन पाओस् । यो महाधिवेशनले तपाईंजस्ता निष्ठावान काँग्रेसजनलाई पार्टीमा रचनात्मक हस्तक्षेप गरी पार्टीमा नयाँ जागरण ल्याउने अवसर दिएको छ ।

मलाई विश्वास छ, पार्टीको पुनर्जागरण र नवनिर्माणका लागि हामीले सही निर्णय लिनेछौं । जय नेपाल!

तपाईंको साथी,

**गगन थापा**

२०७८ मंसिर ६